स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## इलाम

१ नं.प्रदेश,नेपाल

Green Ilam

पत्र संख्या: ०७७/७८

चलानी नः ८९६८

मिति: २०७८/०३/२७

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा नेपाल

विषयः सिकाइ निरन्तरता सम्बन्धमा।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
इलाम नगरपालिका, इलाम।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७८ मा विद्यार्थीको सिकाइ निरन्तरताका लागि स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरु अवलम्बन गरी अर्को व्यवस्था नभएसम्म तपसिलबमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

**तपसिलः**

१. विद्यालयका शिक्षक तथा कर्मचारीहरु आलोपालो पद्धती अनुसार उपस्थित हुँदै आएकोमा कोभिड – १९ को संक्रमणका कारण प्रभावित भई उपचाररत र होम आइसोलेसनमा रहेका शिक्षक तथा कर्मचारीहरु बाहेक अन्य सम्पूर्ण शिक्षक तथा कर्मचारीहरु २०७८ साल साउन १ गतेदेखि विद्यालयमा अनिवार्य उपस्थित हुने व्यवस्था मिलाउने,

२. कोभिड – १९ को संक्रमणका कारण विद्यालयमा प्रत्यक्ष पठनपाठनको कार्य हुन नसकेको अवस्थामा विद्यालयका दैनिक प्रशासनिक कार्यहरु, No Cost, Low Cost का शैक्षिक सामग्रीहरुको निर्माण, फूलबारीको निर्माण, विद्यालय परिसरमा वृक्षारोपण, शैक्षिक अनुसन्धान प्रतिवेदन तयारी, शैक्षिक कार्ययोजना निर्माण, विद्यार्थी तथ्याङ्क अभिलेखीकरण तथा वर्गीकरण गरी तथ्याङ्क प्रविष्टिको कार्य, सिकाइ उपलब्धी विश्लेषण, पाठ नोटको तयारी, सन्दर्भ सामग्री निर्माण जस्ता कार्यहरु गर्ने गराउने।

३. भर्ना भई पाठ्यपुस्तक प्राप्त गरेका विद्यार्थीहरुका अभिभावकहरु सँगको समन्वयमा विद्यार्थीलाई पाठसँग सम्बन्धित नोट उपलब्ध गराई आवश्यक गृहकार्य दिने र समय समयमा गृहकार्य संकलन गरी पृष्ठपोषण उपलब्ध गराउने।

४. भर्ना भएका विद्यार्थीहरुलाई वैकल्पिक सिकाइ सहजीकरण गर्ने प्रयोजनका लागि वैकल्पिक प्रणालीबाट विद्यार्थी सिकाइ सहजीकरण पुस्तिका, २०७७ बमोजिम विभिन्न पाँच समूहमा वर्गीकरण गरी मिति २०७८/०४/१५ गते भित्रमा कार्यालयमा पेश गर्ने।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)